# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, माघ २८ गते, २०७६ साल (अतिरिक्ताङ्क ३६(क)

## भाग १

प्रदेश सरकार

बागमती प्रदेश, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७६ सालको ऐन नं. २१**

# प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**ः प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश दुग्ध विकास बोर्ड (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश दुग्ध विकास बोर्ड ऐन,२०७५ को दफा ५ मा संशोधन**ः प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।"

३. **मूल ऐनको दफा ६ को उपदफा (८) मा संशोधन**ः मूल ऐनको दफा ६ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) बोर्डको निर्णय बोर्डले तोकेको कम्तीमा कुनै दुई सदस्य र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।"

४. **मूल ऐनको दफा १० मा संशोधन**ः मूल ऐनको दफा १० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) छनौट समितिले सिफारिस गरेका व्यक्ति मध्येबाट मन्त्रालयले उपाध्यक्ष पदमा नियुक्तिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ र प्रदेश सरकारले कुनै एक जनालाई उपाध्यक्ष पदमा नियुक्ति गर्नेछ।"

(२) उपदफा (४) मा भएको "उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२)" भन्ने शव्दहरु राखिएका छन्।

५. **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>**: मूल ऐनको दफा १२ को उपदफा (२) मा रहेको "कार्यकारी" भन्ने शब्द झिकिएको छ।

६. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>**: मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेको "कार्यकारी" भन्ने शब्द झिकिएको छ।

**प्रमाणीकरण मितिः २०७६।१०।२८**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-